अन्नपूर्ण पोष्ट, आइतबार, २ असोज २०६२

# देउराली जनताद्वारा औषधिको बिक्रीवितरण सुरु

अन्नपूर्ण समाचारदाता

**काठमाडौं**, १ असोज : स्वदेशी औषधि उत्पादनमा प्रमुख हिस्सेदार देउराली जनता फर्मास्युटिकल्स प्रालिले मुटु, मृगौला, नसालगायतका दीर्घकालीन रोगहरूको उपचार गर्ने औषधिको औपचारिकरूपमा बिक्रीवितरण सुरु गरेको छ।

विदेशी औषधि आयातमा प्रतिस्थापन गरी उच्च गुणस्तरीय स्वदेशी औषधि उत्पादन र खपत वृद्धि गर्ने उद्देश्यले कम्पनीले आफ्नो 'सुस्वास्थ्य डिभिजन' मार्फत थप औषधि उत्पादान र बिक्री सुरु गरेको हो।

सुस्वास्थ्य डिभिजनमार्फत थप औषधि उत्पादन र बिक्री शुभारम्भ गर्न शनिबार आयोजित कार्यक्रममा कम्पनीले विश्वमा उत्पादन हुने उच्च गुणस्तरीय औषधिसँग प्रतिस्पर्धा गर्ने औषधिहरू उत्पादन र बिक्री गरेको जनाएको छ। दीर्घरोगहरूको औषधि स्वदेशमा नै उत्पादन गरी नेपालाई औषधिमा आत्मनिर्भर बनाउने लक्ष्य कम्पनीको छ।

कार्यक्रममा देउराली जनता फर्मास्युटिकल्स प्रालिका कार्यकारी निर्देशक हरिभक्त शर्माले विदेशी औषधि आयात प्रतिस्थापन गरी स्वदेशी उत्पादन वृद्धिका साथै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने कम्पनीको प्रमुख लक्ष्य रहेको बताउनुभयो। गुणस्तरीय औषधि, स्वदेशी उत्पादन, राष्ट्रिय अर्थतन्त्रमा योगदान कम्पनीको मूलमन्त्र हुनु, उहाँले भन्नुभयो।

प्राध्यापक डा. उपेन्द्र देवकोटाले औषधि उत्पादन तथा बिक्रीवितरणसम्बन्धी गलत कानुनी प्रावधानका कारण स्वदेशी औषधि उत्पादक कम्पनीहरू हतोत्साहित हुनुपरेको बताउनुभयो। बर्सेनि ठूलो परिमाणमा औषधि खपत हुने भए पनि स्वदेशी औषधिको हिस्सा ज्यादै न्यून रहेको बताउँदै पारदर्शी र लचिलो नीतिनिर्माण र कार्यान्वयनमा उहाँले जोड दिनुभयो। कुल स्वदेशी औषधि खपतमा विदेशबाट आयात हुने औषधिको परिमाण ७० प्रतिशत छ भने स्वदेशी करिब ३० प्रतिशतको हाराहारीमा मात्र छ।

नेपाल मेडिकल काउन्सिलका अध्यक्ष सोमनाथ अर्यालले स्वदेशी उत्पादन औषधि खपत गर्ने प्रवृत्तिको विकास गर्न देउराली जनताको महत्त्वपूर्ण भूमिका निर्वाह गरेको चर्चा गर्नुभयो।

हाल विभिन्न ८० प्रकारका औषधिहरू उत्पादन गरी बिक्री गर्दै आएको देउराली जनता फर्मास्युटिकल्स प्रालिले बंगलादेशको रेनाटा लिमिटेडसँग २०५२ सालमा प्रविधि हस्तान्तरण सम्झौता गरेको हो।

विश्व स्वास्थ्य संगठनले निर्दिष्ट गरेको कुशल औषधि निर्माणप्रक्रिया (डब्ल्यूएचओ जीएमपी) समेत पूरा गर्न सफल उक्त कम्पनीले २०६० सालमा आईएसओ १४००१ र आईएसओ ९००१ को प्रमाणपत्रसमेत प्राप्त गरिसकेको छ।

कम्पनीले आगामी १० वर्षभित्र औषधि उत्पादनका क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छ। पाँच, सात वर्षभित्रै विकसित मुलुकसरह गुणस्तरीय र उपयुक्त बजार मूल्यमा औषधि उत्पादन गर्ने योजना कम्पनीको छ। औषधि उत्पादनका क्षेत्रमा आफूलाई विश्वकै उत्कृष्ट उत्पादकका रूपमा स्थापित योजनासमेत कम्पनीको छ।

स्थिर सम्पत्ति १७ करोड १० लाख तथा चालू पुँजी १४ करोड पाँच लाख गरी कुल ३१ करोड १५ लाख रुपैयाँ लगानी रहेको उक्त कम्पनीको प्रतिसिफ्टमा झोल औषधि १० लाख, ट्याबलेट १० करोड गोटा, क्याप्सुल सात करोड २० लाख तथा ड्राई पाउडर, ओ.आर.एस. तीन लाख केजी उत्पादन क्षमता रहेको छ।

हाल नेपालमा दुई सय ५० कम्पनीका १२ हजार ब्रान्डका औषधिहरू बिक्रीवितरण हुने गरेका छन्।